अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

सम्पर्क नं. ९८५७६८३८१०
Email : ito.annamun@gmail.com
web: annapurnamunmyagdi.gov.np

प.सः ०७८।७९
च.न :-

## रोजगार सहायक करारमा पदपुर्ती गर्ने सम्बन्धी सूचना।

(प्रथम पटक सूचना प्रकाशित मिति : २०७९।०३।३०)

अन्नपुर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक -१ (एक) पदमा खुल्ला प्रतिस्पर्धाबाट करारमा पदपुर्तिका लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा (मिति २०७९।०४।१२ गते सम्म) कार्यालय समय भित्र दरखास्त फारम भरि राजश्व तिरेको रसिद सहित यस अन्नपुर्ण गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय समयभित्र आवेदन पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स | विज्ञापन नं. | पद | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४/२०७८-७९ | रोजगार सहायक | सहायक पाचौ सरह | १ | |

**१) न्यूनतम योग्यता र अनुभव :**

क) नेपाली नागरिक हुनुपर्ने।

ख) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षणसस्थाबाट कम्तीमा प्रवीणता प्रमाण तह वा सो सरह उत्तीर्ण गरेको।

ग) दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको।

घ) आधारभुत कम्प्युटर सिप सम्बन्धी कम्तिमा तीन महिनाको तालिम लिएको।

ङ) प्रचलित कानुनद्वारा अयोग्य नभएको हुनुपर्नेछ।

२) **दरखास्त दिने स्थान:** अन्नपूर्ण गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, पोखरेवगर म्याग्दी।

३) **दरखास्त दिने अन्तिम मिति :** २०७९/०४/१२ कार्यालय समयभित्र। सो दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलीपल्ट कार्यालयको खुलेको समयमा।

४) **दरखास्त दिने विधि :** योग्यता पुगेको ईच्छुक उम्मेद्वारहरुले यस अन्नपुर्ण गाउँकार्यपालिकाको कार्यालयमा दरखास्त फारम भरेको फाईल पेश गरेको हुनुपर्नेछ। अथवा यस कार्यालयको इमेल ठेगाना ito.annamun@gmail.com मार्फत आवश्यक कागजात सहित पेश गर्न सकिनेछ। दरखास्त फारम यस गाउँपालिकाको वेवसाइट www.annapurnamunmyagdi.gov.np बाट प्राप्त गर्न सकिनेछ। दरखास्त दस्तुर यस अन्नपुर्ण गाउँपालिकाको प्रभु बैंक अन्नपुर्ण शाखाको राजश्व खाता नं. 1540110412600056 मा दाखिला

अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

सम्पर्क नं. ९८५७६८३८१०
Email : ito.annamun@gmail.com
web: annapurnamunmyagdi.gov.np

प.सः ०७८।७९
च.न :-

गरेको बैंक भौचर वा कार्यालयमा नगदै दाखिला गरेको नगदी रसिद समेत दरखास्त फारम साथ संलग्न गरि पेश गर्नुपर्नेछ।

५) **दरखास्त दस्तुर :** रु ५००/- ( पाँच सय मात्र)

६) **छनौटको किसिम :** प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन र लिखित परिक्षा तथा प्रयोगात्मक परिक्षा

७) **दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरु :** आवेदक स्वयमले प्रमाणित गरेको देहाय वमोजिमका कागजातका प्रतिलिपिहरु

क) नागरिकता

ख) न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र

ग) आधारभुत कम्प्युटर तालिमको प्रमाणपत्र

घ) अनुभव भए सो को प्रमाणपत्र

ङ) २ प्रति पासपोर्ट साईज फोटो

८) **सेवा सुविधा तथा अन्य:** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपुर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ।

*थप जानकारीको लागि कार्यालय प्रमुख 9857683810, रोजगार संयोजक 9841973975 मा सम्पर्क गर्न सकिनेछ। रोजगार सहायक पदको पाठ्यक्रम लगायत पदपुर्ती सम्बन्धी अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको www.pmep.gov.np तथा www.annapurnamunmyagdi.gov.np बाट प्राप्त गर्न सकिनेछ।*

प्रमुख प्रशासकीय अधिकृत

सुरण प्रसाद शर्मा पाउडेल
प्रमुख प्रशासकीय अधिकृत